# माडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०८१।०५।१७)

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत आर्थिक बर्ष २०८१/८२ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन अनुसार माडी नगरपालिका अन्तर्गतको बघौडा अस्पताल, बसन्तपुर, चितवनका लागि देहाय बमोजिमको पदमा सेवा करारमा कर्मचारी राख्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोकिएको सम्बन्धित पदको रितपूर्वक दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | माग पद संख्या | तह | दरखास्त दस्तुर | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | १-२०८१/०८२ | ए आर टि काउन्सलर | १ (एक) | पाँचौ | रु.१०००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषय/सामान्य चिकित्सा बिषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिल दर्ता प्रमाणपत्र भएको । |

परिक्षाको किसिम : माडी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७५ बमोजिम ।

परिक्षा केन्द्र : नगर कार्यपालिका कार्यालयले तोके बमोजिम हुनेछ ।

दरखास्त बुझाउने अन्तिम मिति : २०८१।०५।३१ गते सम्म ।

दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान : माडी नगरपालिका, नगर कार्यपालिकाको राजश्व शाखामा तोकिएको दस्तुर बुझाएको रसिद लिई प्रशासन शाखामा सम्पर्क गरी दरखास्त बुझाउन सकिनेछ ।

उम्मेदवारको उमेरको हद : १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको ।

परिक्षा हुने मिति : पछि प्रकाशित गरिनेछ ।

काम गर्नुपर्ने स्थान : बघौडा अस्पताल, बसन्तपुर, चितवन ।

पदमा रही गर्नुपर्ने कामको विवरण : माडी नगरपालिकाले तोकेको कार्यविवरण अनुसार ।

पेश गर्नुपर्ने कागजातहरु : नेपाली नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यता प्रमाणपत्र, काउन्सिल दर्ता प्रमाणपत्र, कामसँग सम्बन्धित अनुभव भए सोको कागजात, तालिमको प्रमाणपत्र भए सो लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपी ।

तलब तथा सेवा सुविधा : माडी नगरपालिकाको नियमानुसार हुनेछ ।

थप जानकारीका लागि सम्पर्क : माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चितवन ।

(शेषकान्त पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

द्रष्टव्य : रितपूर्वक पेश नभएका तथा म्याद नाघी दर्ता हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।